# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ

प्रदेश नं. १, नेपाल

## निर्माण तथा मर्मत कार्यको बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१०/१९ गते**

यस नगरपालिका अर्न्तगत निम्नलिखित कार्य शिलबन्दी बोलपत्र/दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले सम्बन्धित कार्यको लागि निम्न लिखित शर्तका अधिनमा रहि कार्य गर्न राष्टिय स्तरको शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ ।

### शर्तहरू

१. बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मिति २०७५।१०।१९ देखि बोलपत्रको हकमा ३० दिन सम्म र दरभाउपत्रको हकमा १५ दिनसम्म यस कार्यालयको नाममा मेगा बैंक लि,, विराटनगर शाखामा रहेका संचित कोष खाता न. ००८००१००८९७२९ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयमा नगदै रकम जम्मा गरी चालु आ.व. को लागि नवीकरण भएको निर्माण व्यवसायी दर्ता प्रमाणपत्र, भ्याट, प्यान दर्ता प्रमाणपत्र, अध्यावधिक कर चुक्ता प्रमाणपत्र (सबै प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपी) र सक्कल अख्तियारनामा सहित निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. शिलबन्दी बोलपत्र प्रथम पटक सुचना प्रकाशन भएको ३१ औं दिनको १२ वजे सम्ममा र शिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशन भएको १६ औं दिनको १२ वजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । बोलपत्र/दरभाउपत्र बोलपत्र/दरभाउपत्रमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता/दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्र/दरभाउपत्र खोल्ने समयमा बोलपत्रदाता/दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र/दरभाउपत्र खोलिने छ । बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

३. शिलबन्दी बोलपत्र/दरभाउपत्रसाथ रतुवामाई नगरपालिका, सिजुवाको नाममा मेगा बैंक लि. विराटनगर शाखामा रहेका धरौटी खाता न. ००८००१००८९७५१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक बाट रतुवामाई नगरपालिका, मोरंगको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र/दरभाउपत्र जमानत पत्र, बोलपत्रको हकमा बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन र दरभाउपत्रको हकमा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानी वा बैंक ड्राफ्ट अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । बोलपत्रको मान्य अवधी ९० दिन र दरभाउपत्रको मान्य अवधी ४५ दिनको हुनेछ ।

४. बोलपत्र/दरभाउपत्रदाताले कवोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

५. बोलपत्र/दरभाउपत्रदाताले शिलबन्दी बोलपत्र/दरभाउपत्रको खाम बाहिर सम्वन्धित कार्यालयको नाम, ठेगाना, बोलपत्र/दरभाउपत्र नं., कार्य विवरण र बोलपत्र/दरभाउपत्रदाताको छाप, नाम र ठेगाना स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

६. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ ।

मदन घिमिरे
प्रमुख प्रशासकिय अधिकृत